सामान्यमा यो प्रणालीबारे, अध्यागमन र रेसिडेन्सी प्रक्रियाहरुबारे तथा दर्ता भएका समर्थन गर्ने संस्थाहरुबारे, आदि थप जानकारीको लागि मुनि उल्लेख गरिएकाहरुसित सोधपुछ गर्नुहोस्: **न्याय मन्त्रालय**

| कार्यालयको नाम | ठेगाना | सम्पर्क ठेगाना |
|---|---|---|
| सार्वजनिक सम्बन्ध सेक्सन, सामान्य मामिला प्रभाग, न्याय मन्त्रालयको अध्यागमन सेवा एजेन्सी | 1-1-1 Kasumigaseki, Chiyoda-ku, Tokyo | 03-3580-4111 |
| सामान्य मामिला प्रभाग<br>सप्पोरो क्षेत्रीय अध्यागमन सेवा कार्यालय | सप्पोरो तेस्रो संयुक्त सरकारी भवन,<br>12 Odori-Nishi, Chuo-ku, Sapporo City, Hokkaido | 011-261-7502 (मुख्य) |
| सामान्य मामिला प्रभाग<br>सेन्दाई क्षेत्रीय अध्यागमन सेवा कार्यालय | सेन्दाई दोस्रो कानुनी मामलाको संयुक्त सरकारी भवन,<br>1-3-20 Gorin, Miyagino-ku, Sendai City, Miyagi | 022-256-6076 (मुख्य) |
| व्यवसाय र रोजगार निरीक्षण विभाग नं. ३ टोकियो क्षेत्रीय अध्यागमन सेवा कार्यालय | 5-5-30 Konan, Minato-ku, Tokyo | 0570-034-259<br>(अतिरिक्त लाइन नं. 330) |
| सामान्य मामिला प्रभाग<br>योकोहामा जिल्ला अध्यागमन सेवा कार्यालय,<br>टोकियो क्षेत्रीय अध्यागमन सेवा कार्यालय | 10-7 Torihama-cho, Kanazawa-ku, Yokohama City, Kanagawa | 045-769-1720 (मुख्य) |
| नागोया क्षेत्रीय अध्यागमन सेवा कार्यालय<br>- स्वीकृति / सामाजिक एकीकरण सम्बन्धि<br>→ निरीक्षण व्यवस्थापन विभाग "विशिष्ट सीप" निवासको स्थिति सम्बधि<br>→ व्यवसाय र रोजगार निरीक्षण विभाग नं. २ | 5-18, Shoho-cho, Minato-ku, Nagoya City, Aichi Prefecture | निरीक्षण व्यवस्थापन विभाग<br>052-559-2112<br>व्यवसाय र रोजगार निरीक्षण विभाग नं. २<br>052-559-2110 |
| सामान्य मामिला प्रभाग<br>ओसाका क्षेत्रीय अध्यागमन सेवा कार्यालय | 1-29-53 Nankou Kita, Suminoe-ku, Osaka City, Osaka | 06-4703-2100 (मुख्य) |
| सामान्य मामिला प्रभाग<br>कोबे जिल्ला अध्यागमन सेवा कार्यालय,<br>ओसाका क्षेत्रीय अध्यागमन सेवा कार्यालय | कोबे स्थानिय संयुक्त सरकारी भवन,<br>29 Kaigan-dori, Chuo-ku, Kobe City, Hyogo | 078-391-6377 (मुख्य) |
| स्थिति विभाग<br>हिरोशिमा क्षेत्रीय अध्यागमन सेवा कार्यालय | हिरोशिमा कानुनी मामिलाको सरकारी भवन,<br>2-31 Kami-hacchobori, Naka-ku, Hiroshima City, Hiroshima | 082-221-4412 |
| सामान्य मामिला प्रभाग<br>ताकामात्सु क्षेत्रीय अध्यागमन सेवा कार्यालय | ताकामात्सु कानुनी मामिलाको संयुक्त सरकारी भवन<br>1-1 Marunouchi, Takamatsu City, Kagawa | 087-822-5852 (मुख्य) |
| सामान्य मामिला प्रभाग<br>फुकुओका क्षेत्रीय अध्यागमन सेवा कार्यालय | फुकुओका कानूनी मामिला सरकारी कम्प्लेक्स नं. १<br>3-5-25 Maizuru, Chuo-ku, Fukuoka City, Fukuoka | 092-717-5420 (मुख्य) |
| स्थिति प्रभाग<br>नाहा जिल्ला अध्यागमन सेवा कार्यालय, फुकुओका क्षेत्रीय अध्यागमन सेवा कार्यालय | नाहा पहिलो स्थानिय संयुक्त सरकारी भवन,<br>1-15-15 Higawa, Naha City, Okinawa | 098-832-4186 |

- "विशिष्ट सीप" निवासको स्थितिबारे थप जानकारीको लागि न्याय मन्त्रालयको वेबसाइट हेर्नुहोस्।
→ "न्याय मन्त्रालय निर्दिष्ट सीप भएको कामदार" सर्च गर्नुहोस्

निर्दिष्ट उद्योग क्षेत्रहरूबारे थप जानकारीको लागि न्याय मन्त्रालयको वेबसाइट हेर्नुहोस्

**प्रतिभाशाली विदेशीको लागि नयाँ स्वीकृति प्रणाली अप्रिल १, २०१९ देखि सुरु हुन्छ!**

# नयाँ निवासको स्थिति "निर्दिष्ट सीप भएको कामदार" बनाइएको छ.

खास विशेषज्ञता र सीप भएका विदेशीहरुलाई स्विकार्ने प्रणाली, जसले श्रम अभावको अवस्थामा तुरुन्तै काम सुरु गर्न सक्छन्।



## निर्दिष्ट सीप भएको कामदार (१)*

निर्दिष्ट उद्योग क्षेत्रहरुको विशेष ज्ञान अथवा अनुभव चाहिने काम गर्ने विदेशीहरुलाई लागु हुने निवासको स्थिति हो

- बस्ने अवधि: हरेक वर्ष, हरेक ६ महिना अथवा हरेक ४ महिनामा नवीकरण गरिने, बढीमा जम्मा ५ वर्षसम्म
- सीपको स्तर: परिक्षाबाट प्रमाणित भएको, आदि (प्राविधिक इन्टर्न प्रशिक्षण (२) पूरा गरेकाहरु परीक्षाबाट छुट प्राप्त हुन्छन्, आदि)
- जापानी भाषा स्तर: दैनिक जीवनमा अनि काम गर्ने ठाउँमा प्रयोग गर्न चाहिने जापानी भाषा राम्रोसँग आउने, जुन कुरा जाँचद्वारा आदि पुष्टि गरिनुपर्छ (प्राविधिक इन्टर्न प्रशिक्षण (२) पूरा गरेकाहरु परीक्षाबाट आदि छुट प्राप्त हुन्छन्)
- परिवारको सदस्यहरु संलग्न हुने: साधारणतया अनुमति छैन
- स्वीकार गर्ने संस्था वा दर्ता भएका समर्थन गर्ने संस्थाहरुद्वारा समर्थन पाउनको लागि योग्य

* "निर्दिष्ट सीप भएको कामदार" -को दुइटा किसिम छन्, निर्दिष्ट सीप भएको कामदार (१) र निर्दिष्ट सीप भएको कामदार (२)। निर्दिष्ट सीप भएको कामदार (२) चाहिं काम गरिरहेका विदेशीहरु, जुन कामको लागि निर्दिष्ट उद्योग क्षेत्रहरुमा विशेषज्ञ सीप चाहिन्छ।

**न्याय मन्त्रालयको अध्यागमन सेवा एजेन्सी**

特定技能 ソフ【ネ ール語】04-07.indd 1-4 2020/04/07 23:18

